# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १४१ | काठमाडौं | सोमबार, २७ भदौ २०७९ | Prabhab National Daily, | Monday, September 12, 2022 | www .prabhabonline .com | पृष्ठ ८ | मूल्य रू. ५ |-


## अध्यक्ष ली झान्शु आज नेपाल आउँदै



**काठमाडौं (प्रस)–** चीनको राष्ट्रिय जन कांग्रेस, स्थायी समितिका अध्यक्ष ली झान्शु आज काठमाडौंमा आउँदै छन् । सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणामा उनी आजदेखि नेपालको औपचारिक भ्रमणका लागि आउन लागेका हुन् ।

अध्यक्ष झान्शु सोमबार अपराह्न विशेष विमानबाट काठमाडौं आइपुग्ने परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालले जानकारी दिए । सभामुख सापकोटा र अध्यक्ष लीले सेप्टेम्बर १२ मा प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय वार्ता गर्ने मन्त्रालयले जनाएको छ । सोही साँझ सभामुख सापकोटाले अध्यक्ष ली र उनको प्रतिनिधिमण्डलका सदस्यको सम्मानमा भोजको आयोजना गर्ने छन् ।

नेपालमा रहँदा अध्यक्ष लीले राष्ट्रपति विद्यादेवी भण्डारीसँग सेप्टेम्बर १४ मा र प्रधानमन्त्री शेरबहादुर देउवासँग सेप्टेम्बर १३ मा शिष्टाचार भेटवार्ता गर्ने छन् । यसैगरी सोही दिन उनले राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग भेटवार्ता गर्ने छन् । परराष्ट्रमन्त्री डा. नारायण खड्काले उनीसँग शिष्टाचार भेट गर्ने मन्त्रालयले जनाएको छ ।

त्यस्तै पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग पनि उनको छुट्टाछुट्टै भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । अध्यक्ष झान्शु यही भदौ ३० गते बिहीबार बिहान विशेष विमानबाटै स्वदेश फर्कने कार्यक्रम छ ।

## म्यादी प्रहरीमा भर्ना खुल्यो

### एक लाख १५ हजार म्यादी भर्ना गरिंदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल प्रहरीले आगामी मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि म्यादी प्रहरीको भर्ना खोलेको छ । आइतबार एक सूचना जारी आगामी निर्वाचनका लागि स्वीकृत म्यादी प्रहरी भर्ना छनोट नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड, २०७९ अनुसार भर्ना खुलाएको हो ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आगामी मंसिर ४ गते एकैसाथ हुँदै छ । प्रहरीले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिन आह्वान गरेको छ । सरकारले यसपटकको निर्वाचनमा एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्न प्रहरीलाई स्वीकृति प्रदान गरिसकेको छ । नेपाली नागरिकले म्यादी प्रहरीका लागि मंसिर ३० गतेदेखि असोज छ गतेसम्म जिल्ला प्रहरी कार्यालयहरुमा दरखास्त दिन सक्ने छन् । दरखास्त दिनका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका हुनुपर्नेछ ।

भर्नाका लागि नेपाली नागरिक हुनुपर्ने, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएका, राजनीतिक दलको सदस्य नभएका, शारीरिक र मानसिक रूपले स्वस्थ, आतंककारी संगठनका सदस्य नरहेका, आँखा (**बाँकी पृष्ठ ५ मा**)

### सर्वोच्चको भवन ठेक्काबारे चोलेन्द्रको जवाफ

# ‘तत्कालीन प्रधानमन्त्री ओली र अर्थमन्त्री पौडेलको साथ छ’

सर्वोच्च अदालतको भवन निर्माणमा मिहेनत परेको छ । तत्कालीन अर्थमन्त्रीज्यूको सौहार्द्रपूर्ण सहयोग नभएको भए अनि तत्कालीन प्रधानमन्त्रीज्यू सकारात्मक नहुनुभएको भए त्यहाँ एकदमै जटिल अवस्था थियो ।

ooo

सर्वोच्च अदालतमा बहस गर्ने सात–आठ जना वरिष्ठ अधिवक्ता हुनुहुन्थ्यो । न्यायाधीशहरु दिनभरि कुरेर बस्नुपर्थ्यो ।

ooo

मुद्दामा चलखेल गर्ने वकिल होइनन् ? म प्रधानन्यायाधीश भएपछि कुन व्यापारीलाई भेटें ? कुन कानुन व्यवसायीलाई भेटें ?



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतका निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले सर्वोच्चको भवन निर्माण ठेक्कामा भएको अनियमिततामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेललाई ‘मुछेका’ छन् । आफूविरुद्ध गत वर्ष फागुन १ मा महाभियोग प्रस्ताव दर्ता भएपछि निलम्बनमा रहेका राणाले आइतबार महाभियोग सिफारिस समितिलाई बयान दिने क्रममा ओली र पौडेलको नाम पोलेका हुन् ।

सर्वोच्चको भवन ठेक्का दिन ‘सेटिङ’ भएको भन्ने प्रश्नमा उनले ओली र पौडेलको पनि नाम मुछिदिए । भवन निर्माणको ठेक्कामा राणाले टेण्डरकर्ता चारमध्ये तीनलाई अयोग्य घोषणा गर्दै विनापुरी–कालिका समानान्तर जेभीलाई ठेक्का दिलाएका थिए ।

राणाले समिति सदस्यसमेत रहेका पौडेलतिर देखाउँदै तत्कालीन अर्थमन्त्री पौडेल र प्रधानमन्त्री ओलीको सहयोग रहेको बताए । राणाले कोभिडको समयमा सर्वोच्चको भवन बन्नुपर्ने भनेर तत्कालीन समयमा बजेट निकालेर दिएका कारण यो भवन निर्माणको काम आफूले थालेको जवाफ दिएको समिति सदस्य मीन विश्वकर्माले बताए ।

‘तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र अर्थमन्त्री विष्णु पौडेलले पनि सहयोग गर्नुभएको छ । तत्कालीन अर्थमन्त्री यहीं हुनुहुन्छ । उहाँले सहयोग गरेका कारण सफल भएको हुँ,’ राणाको भनाइ उद्धृत गर्दै सांसद विश्वकर्माले बताए ।

राणाले सर्वोच्च अदालतको भवन निर्माणमा निकै मिहेनत परेको बताएका छन् । ‘सर्वोच्च अदालतको भवन निर्माणमा मिहेनत परेको छ । तत्कालीन अर्थमन्त्रीज्यू यहाँ नै हुनुहुन्छ । उहँको सौहार्द्रपूर्ण सहयोग नभएको भए अनि तत्कालीन प्रधानमन्त्रीज्यू सकारात्मक नहुनुभएको भए त्यहाँ एकदमै जटिल अवस्था थियो,’ सार्वजनिक भएको राणाको बयानको भिडियोमा उनले भनेका छन्, ‘त्यसैले तत्कालीन सरकारलाई मैले धेरै ठाउँमा आभार व्यक्त गरेको छु । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई मैले धेरै ठाउँमा आभार व्यक्त गरेको छु । अर्थमन्त्रीज्यूप्रति आभार व्यक्त गरेको छु ।’

राणाले अदालतको भवन व्यवस्थापन समितिले नीतिगत निर्णय गरेको बताए । भवन निर्माणस्थलमा सेनाको क्यावलरी र पुरातत्त्व विभागको जग्गा परेकाले त्यो उपलब्ध गराउन आफूले निकै सहयोग पाएको उनले बताए । तत्कालीन सेनापतिसँग पनि आफूले कुरा गरेको तर, सम्भव नभएको राणाले सुनाए । पुरातत्त्व विभाग हटाउन सम्भव नभएकाले सेनाको जग्गा दिलाउन प्रधानमन्त्रीले वचन दिएर जग्गा प्राप्त भएको उनले समितिमा सुनाए ।

समितिले बयानको क्रममा राणाले नभएको अधिकार आफैंले प्रयोग गरेर भवन निर्माणको ठेक्का सदर गरेको विषयमा प्रश्न उठाएको हो । सांसद विश्वकर्माका अनुसार राणाले जवाफमा आफूले सदर लेखेको पत्र नै देखाएका थिए । राणाले ठेक्कासम्बन्धी फाइल कार्यालय प्रमुखले स्वीकृत गर्ने उल्लेख भएका कारण आफूले स्वीकृत गरेको जवाफ समितिमा दिएका छन् ।

‘कानुनमा प्रधानन्यायाधीशलाई भवन निर्माणको ठेक्का सदर गर्ने अधिकार (**बाँकी पृष्ठ ५ मा**)

### अब ८ प्रश्न सोध्न बाँकी

महाभियोग प्रस्ताव आएपछि निलम्बनमा रहेका सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले आइतबार चौथो दिनको बयान दिए । महाभियोग सिफारिस समितिले तयार पारेका ४३ प्रश्नमध्ये उनलाई आइतबारसम्म ३५ प्रश्न सोधिएको छ ।

महाभियोग सिफारिस समितिले आइतबार ११ नम्बर प्रश्नबाट सुरु गरेर ३५ नम्बरसम्म राणाको बयान लिएको छ । आइतबार मध्याह्न साढे १२ बजेदेखि सुरु हुने भनिएको उनीसँगको बयान २० मिनेट ढिलो गरी सुरु भएको थियो ।

अर्को बैठक मंगलबार बिहान ११ बजेका लागि बोलाइएको छ । उक्त दिनमा ८ प्रश्न सोध्दै सांसदहरुको प्रतिप्रश्नमा जवाफ लिने समितिको तयारी रहेको छ । समितिले उक्त दिन प्रतिप्रश्न समाप्त भएमा बुधबार र बिहीबार प्रतिवेदन बनाएर संसद्‌मा पठाउने तयारी गरेको छ ।

समितिले मुख्यरुपमा सर्वोच्चमा विचौलियाको प्रवेशदेखि भवन निर्माणमा भएको अनियमिततालगायतका विषयमा आइतबार प्रश्न सोधेको थियो । समितिका सदस्यहरुको प्रश्नमा जवाफ दिँदै राणाले आफूले कुनै पनि गल्ती नगरेको दाबी गरेका छन् ।

यसअघिकै बयानझैं राणाले आफूले महाभियोग लाग्ने कुनै पनि कार्य सर्वोच्चमा बसेर नगरेको दाबी गरेका छन् । गत फागुन १ गते सत्तारुढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीका ९८ सांसदले २१ आरोप लगाउँदै राणाविरुद्ध महाभियोग दायर गरेका थिए । महाभियोग दायर भएपछि राणा छ महिनादेखि निलम्बनमा छन् ।

**सन्दर्भ : वैदेशिक रोजगार**

### श्रममन्त्री कुँवरको आग्रह–

# म्यानपावरले पैसा मागे प्रमाण राखेर मात्रै दिनू

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** सरकारले भिजिट भिसामा कडाइ गर्दै कार्यविधि जारी गरेपछि त्यसको पक्ष र विरोधमा बहस जारी छ । यही क्रममा भिजिट भिसामा विदेश पुगेर अलपत्र गरेकाको गुनासो पनि निरन्तर आइरहेको छ ।

यही बीचमा दुबईमा भिजिट भिसामा पुगेर समस्यामा परेका श्रमिकले श्रममन्त्रीसँग सहयोगको याचना गरेका छन् । आइतबार ‘श्रमिकसँग श्रममन्त्री’ कार्यक्रमअन्तर्गत प्रत्यक्ष श्रममन्त्रीसँगको कुराकानीमा ती श्रमिकले आफ्नो समस्या राखेका हुन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरसँग प्रत्यक्ष टेलिफोनमा कुरा गर्दै उनले आफू भिजिट भिसामा दुबई पुगेको र त्यहाँ पुगेपछि ठगीमा परेको गुनासो गरे ।

यस्तै अर्का श्रमिकले साउदी अरेबियामा म्यानपावरले भनेजस्तो काम नपाएर समस्यामा परेको गुनासो मन्त्रीसमक्ष राखे । अर्का श्रमिकले रोमानिया पठाउने भनेर म्यानपावरले ठगेको बताए । पछिल्लो समय रोमानियालगायत युरोपेली मुलुकमा पठाउने भन्दै ठगी गर्ने क्रम बढ्दो छ ।

म्यानपावर कम्पनीलाई पैसा नदिएका कारण मलेसिया जान नपाएको गुनासो पनि श्रमिकले राखेका छन् । सरकारले ‘फ्रि भिसा, फ्रि टिकट’को नियम लागू गरेको वर्षौं बिते पनि श्रमिकले पैसा तिरेर मात्रै रोजगारीमा जानुपर्ने बाध्यता छ । यस्तै बाध्यतामा परेका श्रमिकले श्रममन्त्रीसँग आफ्नो समस्या राखेका हुन् ।


मन्त्री कुँवरले मन्त्रालयमा ठगिएको भनेर आएका गुनासोलाई मन्त्रालयले सहजीकरण गर्ने बताए । उनले वैदेशिक रोजगारीमा पठाउने नाममा जताततै ठगी हुँदा सरकारलाई अप्ठ्यारो भइरहेको बताए ।

म्यानपावरले श्रमिकबाट विदेश पठाउँछु भनेर पैसा लगेको प्रमाण नभएका कारण कारबाही गर्न समस्या भएको बताए । मन्त्री कुँवरले श्रमिकलाई म्यानपावरले पैसा मागेपछि प्रमाण राखेर मात्रै पैसा दिन आग्रह गरेका छन् ।

श्रमिकको गुनासो प्रत्यक्ष सुनेर सुनुवाइ गर्ने उद्देश्यका साथ सुरु गरिएको उक्त कार्यक्रमअन्तर्गत आइतबार मन्त्री कुँवरले वैदेशिक रोजगारीमा गएर समस्यामा परेका नौ जना श्रमिकका गुनासो सुनेको मन्त्रालयले जानकारी दिएको छ । गुनासो सुनेपछि मन्त्री कुँवरले तत्काल सम्बोधनका लागि सरोकारवाला निकाय र अधिकारीलाई निर्देशन दिने गरेका छन् ।

मन्त्री कुँवरले अहिलेसम्म तीन हप्ता श्रमिकका गुनासो सुनेका छन् । अहिलेसम्म २९ जना श्रमिकले नेपाल र विदेशबाट प्रत्येक मन्त्रीसँग आफ्ना गुनसाहरु राखेको मन्त्रालयले जनाएको छ । श्रमिकका गुनासोलाई मन्त्री कुँवरले तत्काल सम्बोधन गर्ने खालका भए तत्कालै र समय लाग्ने गुनासोहरु वैदेशक रोजगार विभाग र बोर्डमा समाधानका लागि पहल गर्न अनुरोध गरेका छन् ।

श्रमिकसँग श्रम मन्त्री कार्यक्रमम हरेक हप्ताको आइतबार विहान ११ बजेदेखि १२ बजेसम्म मन्त्रालयको कल सेन्टरमा सञ्चालन भइरहेको छ ।

# यसरी मनाइयो जिब्रो छेड्ने जात्रा

**भक्तपुर–** मध्यपुरथिमि-५ का वीरेन्द्रभक्त गजुँ श्रेष्ठले जिब्रो छेडेर नगर परिक्रमा गरेका छन् । यँया अर्थात् इन्द्रजात्राका अवसरमा शनिबार राति मध्यपुरथिमिस्थित दिगु भैरव मन्दिर अगाडि डबलीमा उनले जिब्रो छेडेका थिए ।

दश इञ्च लामो सुइरोले जिब्रो छेडेर उनले १७ दीपसहितको अर्ध चन्द्राकार भ्यें बोकी थिमि परिक्रमा गरेका थिए । योसँगै थिमिमा मनाउने 'येंया पुन्हिया मेय् प्वाः खनेगु जात्रा (जिब्रो छेड्ने जात्रा)' शनिबार राति सम्पन्न गरिएको हो । मन्दिरमा जामनः (गुरू)ले जिब्रोको प्वालमा नासःद्यः (नित्यनाथ) परिसरको माटो राखिदिएका थिए । यसले घाउ नपाक्ने र चाँडो निको हुने विश्वास छ । माटो हालेपछि नजिकैको महादेव पाटीमा विश्राम गरिन्छ ।

परम्पराअनुसार वीरेन्द्रभक्तले मूल नकर्मी रामभक्त नकर्मीलाई जिब्रो छेड्ने नातु (सुइरो) बनाउन सम्ये बजीसहितको पूजा दिएर आग्रह गरेपछि तीन साताअघि नै नकर्मीले जिब्रो छेड्ने सुइरो तयार गरी शुद्ध तोरीको तेलमा डुबाएर राखेको १० इञ्च लामो सुइरो राखिएको थियो ।

स्थानीय संस्कृतकर्मी अर्जुन श्रेष्ठद्वारा आठ दिन अगाडि बालकुमारी मन्दिरमा ११ किसली (माटोको प्यालामा चामल सुपारी र सिक्का राखेको भाग) चढाउँदै रातो भालेको बलि दिएर बालकुमारीको साधना गरी द्यः दुसालेगु अर्थात् देवता भित्र्याएपछि जात्रा प्रक्रिया विधिवतरूपमा सुरु भएको थियो ।

जात्राको एक दिनअघि 'छ्वाइलभु' गरी बालकुमारीमा रातो भालेको बलि पूजा गरेर भोज खुवाइएको थियो भने यँया पुन्ही अर्थात् पूर्णिमामा दुता नं (जामा) लगाएर बिहानै बालकुमारीमा पूजा गरिएको थियो । जिब्रो छेड्ने मान्छे दिनभरि निराहार बस्ने र कसैसँग बोल्न नहुने परम्परा छ । बालकुमारीबाट पूजा गरेर आएपछि अर्ध चन्द्रमा आकारको महादिप (भ्ये) बनाइन्छ । बेलुकी बालकुमारीदेखि दिगुभैरवसम्मका मन्दिरमा परिक्रमा हुन्छ र बत्ती दिइन्छ ।



संस्कृतकर्मी श्रेष्ठले इन्द्रजात्राको दिन हनुमान ढोकाबाट नाइके (नायः पमा) श्यामकाजी श्रेष्ठले द्यौं ला तरबार अर्थात् जुजुको छिँ ल्याएर सिद्धिकाली मन्दिरबाट बाजागाजाका साथ नगर परिक्रमा गराई घरमा भित्र्याएको जानकारी दिए । उनले भने, 'हनुमान ढोकाबाट ल्याउने राज खड्गलाई जुजुको छिँ अर्थात् राजाको उपस्थिति मानेर त्यसलाई डबलीमा राखेर जिब्रो छेड्ने गरिन्छ । यो परम्परालाई स्वयं राजा वा राष्ट्र प्रमुखको उपस्थितिमा मानिने परम्परा जात्रा सञ्चालनका क्रममा अहिले पनि रहेको छ ।'

शनिबार राति राज गणेश, दिगु गणेश, गाचां गणेशलाई ल्याएर द्यों ब्यकेगु गरी देवतालाई साक्षी राखेर जिब्रो छेडिएको संस्कृतकर्मी श्रेष्ठले बताए । जिब्रो छेड्ने व्यक्तिमा दैवीशक्ति प्राप्त हुने जनविश्वासका साथ साँझ बालकुमारीबाट दिगुलीस्थित दिगुभैरवसम्मको स्थानमा बत्ती दिई, दिगुभैरव मन्दिरमा गुरु (जामनः थरका व्यक्ति) को उपस्थितिमा भैरवको पूजा सम्पन्न भएपछि जिब्रो छेड्नेलाई दुई जनाले समाएर भैरव सामुन्ने मुख फर्काइ उल्टो हिँडाइ डबलीमा पुऱ्याइएको थियो ।

डबलीमा नकर्मीले बनाएको सुइरोबाट जामनःगुरु, नायः पमा, नकर्मीलगायतको उपस्थितिमा डबलीमा कमीनायोले जिब्रो छेडाउने र त्यसपछि स्थानीय व्यक्तिले 'ताकुँ म्येः ख्वामसिसें भ्वय् नय्' भन्दै जिब्रो छेड्ने व्यक्तिसँग भ्यं (महादीप) बोकेर उनको इच्छाअनुसार नगरका विभिन्न टोलको परिक्रमा गराएको थियो । धेरै वर्ष अगाडि यसरी जिब्रो छेड्ने व्यक्तिले मध्यपुरथिमिबाट चाँगुनारायण तथा पशुपतिसम्म पनि परिक्रमा गरेको भनाइ रहेको स्थानीय बताउँछन् ।

आइतबार बालकुमारी मन्दिरमा द्यः लित तवनेगु अर्थात् विसर्जन पूजा गरिएको छ । यो परम्परा कहिलेबाट सुरु भयो भन्ने लिखित अभिलेख छैन । मन्दिर परिसरमा ठोकेको सुइरोको प्रकृति हेर्दा ३५० वर्षभन्दा अघिबाटै जिब्रो छेडिएको देखिन्छ । त्यहाँको सुइरो हेर्दा अहिलेसम्म १७-१८ जनाले जिब्रो छेडाएको हुनुपर्ने स्थानीय बताउँछन् ।

शनिबार राति ९ बजे श्रेष्ठ दोस्रोपटक जिब्रो छेडेका हुन् । उनले यसअघि वि.सं. २०७४ मा जिब्रो छेडाएका थिए । धेरै वर्षसम्म आर्थिक अभावका कारण पटक-पटक रोकिँदै आएको यस जात्रा वि.सं. २०५३, २०५९ र २०६३ मा पनि सञ्चालन भएको थियो ।

त्यसपछि रोकिएको जात्रा वि.सं. २०७४ मा स्थानीय तहका निर्वाचन जनप्रतिनिधिले बजेट व्यवस्थापन गर्दै जात्रा पुनः सञ्चालनमा ल्याएको थियो । वि.सं. २०७५ मा बालकराम नानीचा श्रेष्ठले जिब्रो छेडाएर फेरि रोकिएको यो जात्रा यस वर्ष पुनः वीरेन्द्रभक्तले जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएका हुन् । *रासस*

## डेंगु नियन्त्रण गर्न राष्ट्रिय अभियान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डेंगु रोग नियन्त्रण गर्न राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । डेंगुको संक्रमण बढ्दै गएपछि मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेख्दै स्थानीय तह परिचालन गरेर डेंगु नियन्त्रण गर्न अभियान चलाउने निर्णय गरेको हो ।

स्वास्थ्य मन्त्रालयले सामान्य प्रशासनमन्त्रालयमार्फत ७५३ वटै स्थानीय तहलाई लामखुट्टेको फूल पार्ने ठाउँ 'खोजौं र नष्ट गरौं' राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय गरेको मन्त्रालयका स्वास्थ्य समन्वय महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक भीमप्रसाद सापकोटाले जानकारी दिए । उनका अनुसार प्रत्येक स्थानीय तहले 'प्रत्येक शनिबार बिहान १० बजे १० मिनेट' छुट्याएर घरभित्र र बाहिर लामखुट्टेले फूल पार्ने ठाउँहरु 'खोजौं र नष्ट गरौं' भन्ने नारासहित राष्ट्रिय अभियान सञ्चालन गर्ने छन् ।

अभियान सफल बनाउनका लागि स्थानीय जनप्रतिनिधि, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक, पत्रकार संघसंस्था परिचालन गरी वडामा हरेक घरधुरीमा अभियान सञ्चालन गर्ने छन् ।

### भूल-सुधार गरिएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक १३५ भदौ २१ गते २०७९ मा प्रकाशित भएको **Temal Rural Municipality** को *Name of Project* मा **Construction of Administrative Block of Tamang Museum** हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल-सुधार गरिएको जानकारी गराइन्छ ।


## मलेशियामा रोजगार

**BSSB LEATHER & FABRIC BEDS SDN. BHD.**

पुर्व स्विकृति मितिः 2079.05.26 चलानी नं. ६०१८७४३४ LT No. 271325

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 1500 | 43077 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः २०७९ असोज ३ गते (19 September 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझनुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LE LAM ENGINEERING SDN.BHD.**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 271431 चलानी नं. ६०१८७४१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असोज ३ गते (19th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले   सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EOSS GRAND INDUSTRIES (M) SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 271424 चलानी नं. ६०१८७४०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः असोज ३ गते (19th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SIN LOONG FATT TRADING SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 271429 चलानी नं. ६०१८७३९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **CIAN JIA POULTRY FARM**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 271428 चलानी नं. ६०१८७३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 30 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **CHUN SWEE LOONG FARM SDN .BHD**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 271427 चलानी नं. ६०१८७३८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 26 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३ गते (19th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paliv International Pvt. Ltd.**
PALIV INTERNATIONAL PVT.LTD श्रम ईजाजत नं. ११६४/०७३/०७४
G.P.O Box 19936, Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal
Tel : +977-1-4518268, 4518716, 5911470
E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FJI LEAD SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ LT. No. 270839 चलानी नं. ६०१८७३७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज ३ गते (19th Sep. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail .com

भदौ २७ गते सोमबार (तिथिः द्वितीया, नक्षत्रः उ.भा., कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | जोखिम नलिनुहोला । |
| **वृष** | सन्तान सुख प्राप्त हुनेछ । |
| **मिथुन** | सामाजिक सहयोग बढ्नेछ । |
| **कर्कट** | दैनिक जीवन सुखी रहनेछ । |
| **सिंह** | लेनदेनमा सावधानी आवश्यक छ । |
| **कन्या** | साहसिक कार्य सफल हुनेछ । |
| **तुला** | पारिवारिक जीवन सुखी रहनेछ । |
| **वृश्चिक** | बाधापछि प्रगति हुनेछ । |
| **धनु** | पारिवारिक सहयोगमा वृद्धि हुनेछ । |
| **मकर** | धार्मिक कार्यमा रूचि बढ्नेछ । |
| **कुम्भ** | मनमा शान्ति बढ्ने योग छ । |
| **मीन** | मनोवल उच्च रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ २७ गते, २०७९, १२ सेप्टेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६० ।०० | १६० ।१५ |
| अमेरिकी डलर | १ को | १२१ ।७६ | १२२ ।३६ |
| युरो | १ को | १३३ ।२२ | १३३ ।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२ ।०० | १५२ ।७५ |
| स्विस फ्रैन्क | १ को | १२६ ।०९ | १२६ ।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७ ।२५ | ७७ ।६३ |
| क्यानाडियन डलर | १ को | ८७ ।२६ | ८७ ।६९ |
| सिंगापुर डलर | १ को | ८६ ।१८ | ८६ ।६० |
| जापानी येन | १० को | ११ ।२३ | ११ ।२९ |
| चिनियाँ युआन | १ को | १७ ।३१ | १७ ।३९ |
| साउदी अरब रियाल | १ को | ३२ ।३८ | ३२ ।५४ |
| कतारी रियाल | १ को | ३३ ।४४ | ३३ ।६१ |
| थाई भाट | १ को | ३ ।७३ | ३ ।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३ ।१५ | ३३ ।३१ |
| मलेसियन रिंगेट | १ को | २८ ।२५ | २८ ।३९ |
| दक्षिण कोरियन वन | १०० को | १० ।०६ | १० ।११ |
| स्विडिस क्रोनर | १ को | १२ ।२६ | १२ ।३२ |
| डेनिस क्रोनर | १ को | १७ ।८५ | १७ ।९३ |
| हङकङ डलर | १ को | १५ ।७१ | १५ ।७८ |
| कुवेती दिनार | १ को | ३९१ ।५२ | ३९३ ।४५ |
| बहराइन दिनार | १ को | ३२१ ।०२ | ३२२ ।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ‘आयोजनाका कारण जनता विस्थापित हुनु हुँदैन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** सहरी विकासमन्त्री मेटमणि चौधरीले आयोजना विस्तार गर्दा जनताको उठिबास नहुनेगरि योजना अगाडि बढाउनुपर्ने धारणा राखेका छन् ।

काठमाडौं उपत्यका विकास प्राधिकरणले आइतबार आयोजना गरेको धोविखोला कोरिडोर कपन-बुढानिलकण्ठ डुवान नियन्त्रण आयोजनासम्बन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री चौधरीले भने, ‘आयोजना बनाउँदै गर्दा नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । त्यसका साथै पीडित जनता पनि सामेल हुनुपर्छ । छलफलमा ठुला बडा मात्र सहभागि भएको जस्तो हुनुभएन । स्थानीय जनताको साथ सहयोग भएमा मात्र आयोजना सफल हुन्छ ।’ उनले डुवानको समस्या समेत हल हुनेगरि छिट्टै धोविखोला कोरिडोर विस्तारका लागि एकीकृत गुरुयोजना अघि बढ्ने बताए ।

त्यसैगरि सांसद गगन थापाले खुद्रा खुद्रामा बजेट गइरहेको तर समस्या जस्ताको तस्तै रहेको बताए । उनले बाटो निर्माण गर्दा वर्षाका कारण हुनसक्ने क्षतिबारे समेत ध्यान दिन सुझाए ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका नायव विकास आयुक्त नवराज प्याकुरेलले उपत्यकामा डुबानको समस्या बढ्न थालेपछि धोविखोला कोरिडोर आयोजनाको कार्यक्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता बढेको जनाए। त्यसैगरि उनले आयोजनाको प्रस्तावित नाम धोविखोला कोरिडोर कपन-बुढानिलकण्ठ डुवान नियन्त्रण आयोजना रहेको बताए । साथै उनले आयोजनाको नाम संशोधन र श्रोतको सुनिश्चतता अर्थमन्त्रालयबाट स्वीकृत भइसकेको जानकारी समेत गराए ।

कार्यक्रममा प्रदेश सांसद कुशुम कुमार कार्की, न्हुछे नारायण श्रेष्ठ, विषय विज्ञ प्रा.डा. नरेन्द्र मान शाक्य, डा. संजय उप्रती, डा. भगवान रत्न कंसाकार, डा. जिव राज पोखरेल, पद्म सुन्दर जोशी, प्रकाश चन्द्र घिमिरे, डा. चिरन्जिवि भट्टराई, गोविन्द शर्मा पोखरेल, कपन-बुढानिलकण्ठ क्षेत्रका जनप्रतिनिधि, विभिन्न दलका प्रतिनिधि, समाजसेवी लगायत विभिन्न सरोकारवाला पक्षहरुसँग डुवान समस्या समाधानका लागि छलफल गरिएको थियो ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका विकास आयुक्त जानुका ढकालले सहरी विकासलाई व्यवस्थित बनाउन सरोकारवाला पक्षसँग सुझाव संकलन गरिएको जानकारी दिइन् ।

# एसिडपीडितका लागि जलन सचेतना सप्ताह

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिड आक्रमणमा परेका पीडितहरुको हकहितमा काम गर्दै आएको नेपाल जलन फाउण्डेशनले प्रथम जलन सचेतना सप्ताहको आयोजना गर्ने भएको छ ।

आइतबार पत्रकार सम्मेलन गर्दै संस्थाले आफ्नो स्थापना दिवसको अवसर पारेर आगामी असोज १ देखि ७ गतेसम्म आयोजना गरिएको सप्ताहव्यापी जलन सचेतना कार्यक्रमबारे जानकारी दिएको हो ।

सचेतना कार्यक्रमको उद्देश्य सर्वसाधारणमा जलनको विहंगम स्थितीबारे जानकारी छर्नु रहेको संस्थाले जनाएको छ ।

संस्थाले असोज १ गते बिहान ८ बजेदेखि १० बजेसम्म भृकुटीमण्डपबाट शुरु गरी बसन्तपुर, हनुमानढोका पुग्ने र सोही स्थानमा कोणसभा गर्ने भएको छ ।

त्यस्तै, २ गते बिहान २ घण्टा विभिन्न निकाय र संघसस्थासँग द्वारिका होटलमा अन्तरक्रिया र छलफल कार्यक्रमको आयोजना गरेको छ ।

यसैगरी, ३ गते विभिन्न स्थानहरुमा रक्तदान तथा छालादान र सचेतना सम्बन्धि कार्यक्रम राखेको छ । ४ गते एलआरआई स्कुल कलंकीमा वक्तृत्वकला प्रतियोगिता, ५ गते संस्थाले विभिन्न सरोकारवाला निकाय, संघसंस्थाहरुमा अवधारणापत्र बुझाउने कार्यक्रम तय गरेको छ । त्यस्तै, ६ गते प्राथमिक उपचार दिवसको अवसरमा गोष्ठी र अन्तिम दिन ७ गते जलनबाट ज्यान गुमाएकाहरुको सम्झनामा दीप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ । नेपालमा बर्सेनि कम्तीमा ५६ हजार नेपालीले जलनको समस्या झेल्नु परेको र २१ हजार जना भन्दा बढीले ज्यान गुमाउने संस्थाको दाबी छ । यो समस्या नेपालमा मात्रै नभएर सम्पुर्ण निम्न तथा माध्यम आय भएका सबै देशको र विशेष गरी दक्षिण-पुर्व एशियाकै ठुलो समस्याको रुपमा देखिएको छ ।

संस्थाले जलनका बिरामीहरुको उपचार गर्न धेरै ठुलो समुहको आवश्यकता पर्ने उल्लेख गर्दै नर्स, फिजियोथेरापीष्ट, पोषण विशेषज्ञ, मनोविशेषज्ञ र समाजसेवी उपचारमा अभिन्न अंग हुनुपर्ने माग गरेको छ ।

संस्थाका अध्यक्ष डा.पियुष दाहालले चट्यान लागेर, पोलेर, जलेर, करेन्ट लागेर तथा एसिड जस्ता रसायन पदार्थबाट हुने समस्याहरु जलन भित्र पर्ने बताएका छन् ।

उनले जनलका कारण बर्सेनि ५० हजार भन्दा बढी व्यक्तिहरु घाइते हुने गरेको तथ्यांक सुनाए । उनले भने, ‘घाइतेहरु मध्ये २ हजार जना बढीले बर्सेनि ज्यान गुमाउँछन् ।’ जलन हुनेहरुमा महिला तथा बालबालिकाको संख्या अत्यधिक रहेको उनको भनाइ थियो । उनले त्यसमा पनि न्यनु आय भएका वर्गहरु यस्ता घटनाबाट बढी प्रभावित हुने टिप्पणी गरे । दाहालले विद्युतिय कारणले पनि बर्सेनि धेरैले ज्यान गुमाउने बताए । करेन्ट लागेर केहीको मृत्यु हुने र अंगभंग हुने जस्ता किसिमका समस्या हुने उनले उल्लेख गरे ।


## सूचना ! सूचना !! सूचना !!!

यस NOVA INTERNATIONAL PVT. LTD. (ई.प.नं. १०१९/०६८/०६९) मा 1. Arshi KC (Documentation Officer), 2. Kanchan Karki (Receptionist) 3. Hari Bahadur Katuwal,3. Narendra Singh Thagunna पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

NOVA INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. १०१९/०६८/०६९
P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np


## परशुराम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जोगबुडा,डडेल्धुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रि शुल्क संकलनका लागि विद्युतीय बोलपत्र आह्वान सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२७**

यस **परशुराम नगरपालिकाको** कार्यालय जोगबुडा, डडेल्धुराबाट आ.व.२०७९/२०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र परशुराम नगरपालिका आर्थिक ऐन, २०७९ को दफा १३, अनुसूची १३ को व्यवस्था बमोजिम र परशुराम नगरपालिका नगर कार्यपालिका बैठकको मिति २०७९/०५/२४ गतेको निर्णय अनुसार लगाउन सकिने देहाय बमोजिमको नदीखोलाहरुको बिक्रि शुल्क **(रोयल्टी)** ठेक्कालिन इच्छुक फर्म वा कम्पनीहरुलाई तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही तिय विद्युतीय बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| बोलपत्रनं. | नदीखोलाको बिवरण | न्युनतम ठेक्का अंक रु. (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नु पर्ने वार्षिक परिमाण (घन मिटर) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| IR/PM/०१/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, बहादुरे नाका (करावण्ड देखी महाकाली छेउ सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ | ३,०००।०० |
| IR/PM/०२/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने रंगुन खोला, रंगुन नाका (करावण्ड देखी परशुराम न. पा. सिमाना गेट सम्म) | ५८,४३,२५०।०० | ५५,१२५ | ३,०००।०० |
| IR/PM/०३/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने पन्तुरा खोला | ३४,३४,४००।०० | ३२,४०० | ३,०००।०० |
| IR/PM/०४/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने सादनी खोला | २८,६२,०००।०० | २७,००० | ३,०००।०० |
| IR/PM/०५/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने महाकाली नदि (कलपटा घाटदेखि तल) | १७,९५,६४०।०० | १६,९४० | १,०००।०० |
| IR/PM/०६/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने शीर्ष खोला | ८,३४,७५०।०० | ७,८७५ | १,०००।०० |
| IR/PM/०७/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने कलेना खोला | ३,६८,८८०।०० | ३,४८० | १,०००।०० |
| IR/PM/०८/२०७९/८० | परशुराम नगरपालिका भएर बग्ने लटेरोडा खोला | २,८६,२००।०० | २,७०० | १,०००।०० |

**शर्तहरुः**

१. इच्छुक फर्म/कम्पनीहरुले फर्म/कम्पनीदर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वंय घोषणा पत्र, माथि उल्लेखित बोलपत्र **(टेण्डर)** फाराम दस्तुर बापत **(फिर्ता नहुने गरी)** यस कार्यालयको **नेपाल बैङ्क लि.**जोगबुडा शाखामा रहेको आन्तरीक राजश्व **खाता नं. २४४०३००००१००१००००१** मा नगद दाखीला गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले **३१ औं दिन** (२०७८ असोज २५गते) **दिउसो १२.०० बजे** भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट **www.bolpatra.gov.np** बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२. रीतपूर्वक दर्ता हुन आएका बोलपत्र ३१**औं दिनको दिउसो २:००** कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खोलीने दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

३. ठेक्कालिने ईच्छुक फर्मले आफुले कबोल गरेको अंकको **५ प्रतिशतको** दरले हुन आउने धरौटी रकम यस **परशुराम नगरपालिकाको नेपाल बैङ्क लि**. जोगबुडा शाखामा रहेको धरौटी **खाता नं. २४४०३००००३००००००००१** मा नगद दाखीला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्क बाट इजाजत प्राप्त **क** वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिन देखि **१२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको** बोलपत्र जमानत **पेश गर्नुपर्नेछ ।**

४. बोलपत्र खरीदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र फाराम डाउनलोड गरी बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले **३१ औं दिनको १२:००** बजेभित्र विद्युतीय खरिद प्रणालि मार्फत छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ।

५. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको, म्याद नाघि आएको र रीत नपुगी वा कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन। प्रचलित नियमानुसार कालोसूचीमा परेका व्यक्ति फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन् ।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले **७ (सात)** दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत **३० (तीस)** प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्ता वापत **७० (सत्तरी)** प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बंकै बाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंक बाट यस कार्यालयको नाममा **२०८० साल आषाढ मसान्त सम्म** म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप **१३ (तेह्र)** प्रतिशत भ्याट रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, परशुराम नगरपालिकाको आर्थिक ऐन, २०७९, यस नगर पालिकाबाट जारी भएका कानुन, अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१०. ठेक्कामा कुनै विवाद भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ । साथै बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जी मा तोकीएका वस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा र तोकिएको स्थानमामात्र रोयल्टी संकलन गर्नुपर्ने छ । सो भन्दा फरक हुनेगरी शुल्क संकलन गरेमा नियमअनुसार कारवाही हुनेछ ।

१२. प्रचलीत नियमअनुसार कालो सूचिमा परेका र यस परशुराम नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

१३. ठेकेदारले **परशुरामनगरपालिकाको** राजश्व संकल गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलगर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ ।

१४. ढुङ्गा, गिट्टी,बालुवा,ग्राभेल भरान माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ र खर्च दाबीगर्न पाइने छैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान लिन कुनै व्यक्ती वा निकायको निजि जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ।

१५. ठेकेदारले नदिजन्य पदार्थ संकलन,उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले बेहोर्नु पर्ने छ र रोयल्टि संकलन गर्ने दर परशुराम नगरसभाबाट स्वीकृत आर्थिक ऐन २०७९ को दफा

१३. अनुसूची १३ मा तोकिएको दररेट प्रति घन फिट मु.अ.कर बाहेक **रु.३ (अक्षेरेपी रु तीन रुपयामात्र)** अर्थात प्रति घनमिटर मु.अ.कर बाहेक **रु.१०६।०० (अक्षेरेपी रु** एक सय छ रुपैंया **मात्र)** हुने छ ।

१६. **ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मिति देखि २०८० जेठ मसान्त सम्म** रहनेछ । ठेक्का अवधीमा बन्द हडताल लकडाउन आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै किसिमको क्षतिपुर्ती दाबीगर्न पाइने छैन । IEE प्रतिवेदनले निषेध गरेको अबधी र स्थानमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइने छैन ।

१७. पक्कीपुल, सडक राजमार्ग, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट **५०० मिटर** दूरी सम्म उत्खनन गर्न पाइने छैन ।

१९.खोला तथा नदीको घाटगद्धीहरुमा सम्पुर्ण जानकारी सहीतको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ ।

२०. नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्य पदार्थ उत्खनन/संकलन गरे वापत नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिनेछ ।

२१. नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाइएमा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२२. **परशुराम नगरपालिका** कार्यालय संग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान संकलन, उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाइ नजिकको सुरक्षा निकायको सहयोग लिइ आवश्यक कारबाही गर्नुपर्नेछ ।

२३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ ।

२४. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार परशुराम नगरपालिकामा सुरक्षित रहनेछ ।

२५. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम तथा यस सूचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम कानुन र नगरपालिकाको निर्णय बमोजिम हुने छ ।

२६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा थप जानकारीको लागि **परशुराम नगरपालिकाको कार्यालयमा** सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भिजिट भिसाको प्रावधान व्यावहारिक बनाऊ

पछिल्लो समय भिजिट भिसामार्फत वैदेशिक रोजगारीमा गएर अलपत्र पर्ने क्रम बढेको भन्दै सरकारले कडाइ गरेको छ । यसका लागि गृह मन्त्रालयले साउन ३० गते कार्यविधि जारी गरिसकेको छ । मन्त्रीस्तरीय निर्णयबाट जारी 'पर्यटक भिसामा विदेश प्रस्थान अनुमति व्यवस्थापनसम्बन्धी कार्यविधि २०७९' मा कडा प्रावधान राखिएको छ ।

कार्यविधिमा नेपालबाट विदेश घुम्न जाने पर्यटकका लागि वार्षिक करयोग्य आम्दानी चार लाख रुपैयाँ हुनुपर्ने, बैंकमा दुई लाख रुपैयाँ नगद मौज्दात हुनुपर्ने प्रावधान राखिएको छ । साथै, टिकट काट्नुअघि अध्यागमन विभागबाट पूर्वस्वीकृति लिनुपर्ने व्यवस्थासमेत कार्यविधिमा राखिएको छ । यो कार्यविधि आगामी कात्तिक महिनाबाट लागू हुनेछ ।

मन्त्रालयका अधिकारीहरु भिजिट भिसामा गएर गन्तव्य मुलुकमा अलपत्र पर्ने क्रम बढेकाले त्यसलाई रोक्न कार्यविधिमा कडाइ गरिएको बताउँछन् । वैधानिक मार्गबाट वैदेशिक रोजगारीमा जान र पठाउन यसले सहयोग पुग्ने मन्त्रालयको विश्वास छ । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यविधिले सहयोग गर्ने मन्त्रालयको विश्वास छ ।

गृह मन्त्रालयबाट जारी भएको यो कार्यविधि पहिलो चरणमा खाडीका देशहरू, मलेसिया, अफ्रिकी देशहरू तथा दक्षिण अमेरिकी देशमा पर्यटक भिसामा जाने नेपालीका लागि लागू हुनेछ । कार्यविधिले सरकारी कर्मचारी, जनप्रतिनिधिदेखि विभिन्न क्षेत्र तथा पेसा व्यवसायमा आबद्ध र अन्य व्यक्तिहरूका लागि विभिन्न व्यवस्था गरेको छ । कार्यविधिअनुसार भिजिट भिसामा विदेश घुम्न जान चाहने नेपाली नागरिकले त्यसको स्वीकृतिका लागि विभागको अनलाइन प्रणालीमार्फत कम्तीमा सात दिनअघि नै निवेदन दिनुपर्छ । अनलाइन प्रणाली भने तयारीको चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

पर्यटन व्यवसायीहरूले भने कार्यविधिमा राखिएका प्रावधानमाथि आपत्ति जनाएका छन् । उनीहरुले विदेश भ्रमण जान चाहनेहरुलाई हतोत्साही बनाउन खोजेको आरोप लगाउँदै कडाइ गरिएका प्रावधान हटाउनुपर्ने माग गरेका छन् । भ्रमणमा जान चाहने पर्यटक र भ्रमण व्यवस्थापन गर्ने पर्यटन व्यवसायीहरूलाई निषेध र हतोत्साहित गर्ने नियतका साथ यो प्रावधान ल्याइएको व्यवसायीहरुको दाबी छ । कार्यविधिले नेपाली पर्यटक गन्तव्य देश जानुअघि कम्तीमा दुई वटा देश घुमेको हुनुपर्ने, गन्तव्य मुलुकको होटलको वेबसाइटमा खुल्नेगरी होटल बुकिङको प्रमाण पेस गर्नुपर्ने, ट्राभल एजेन्सीले तोकिएको देशमा पर्यटक भिसामा तोकिएको मुलुकमा भ्रमणका लागि जाने नेपाली पर्यटकको टिकट व्यवस्थापन पूर्व अध्यागमन विभागबाट स्वीकृति लिनुपर्ने, आफ्नो एजेन्सीमार्फत पर्यटन भिसामा गएका नेपाली पर्यटकलाई तोकिएको मितिमा नेपाल फर्काउने र त्यसको प्रतिवेदन अध्यागमन विभागमा पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । वास्तवमा यो व्यवहारिक देखिँदैन । कोही व्यक्ति पहिलोपटक घुम्न जाँदै छ भने कसरी पेस गर्छ उसले त्यसअघि नै दुई देश घुमिसकेको प्रमाण ? यसले त अब कोही पनि भिजिट भिसामा जान नपाउने अवस्था आउन सक्छ ।

कार्यविधिअनुसार पर्यटकको रूपमा घुम्न जाने व्यक्ति र उनीहरूको परिवार, विदेशमा रहेका आफन्त भेट्न जाने आफन्तका परिवारका सदस्य, नेपालमा आयात निर्यात गर्ने व्यावसायिक संस्थाका सञ्चालक र नेपालको कानुनअनुसार स्थापित संघसंस्थाका सञ्चालकले टिकट काट्नुअघि अध्यागमन विभागबाट स्वीकृति लिनुपर्ने भनिएको छ । यस्तै, प्राज्ञिक शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थी, शिक्षक र व्यवस्थापक, दक्ष रोजगारमूलक अन्तर्वार्ता, व्यावसायिक तालिम तथा अध्ययन भ्रमण, व्यावसायिक प्रदर्शनी, खेलकुद, फिल्म तथा गीत सुटिङ तथा कला, साँस्कृतिक कार्यक्रममा जाने व्यक्तिहरूले पनि टिकट काट्नुअघि नै विदेश भ्रमणका लागि तोकिएको कागजातसहित पूर्वस्वीकृति लिनुपर्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

उच्च शिक्षा हासिल गरेका र विगतमा विदेश बसेका व्यक्ति र तिनका परिवार, विभिन्न पेसागत संघ तथा महासंघ प्रतिनिधि, म्यानपावर व्यवसायी, विदेशमा रहेका आफन्त बिरामी परेर कुरुवा जानेहरू र आफन्तको मृत्यु भएमा भने उसका आफन्तहरूले भने पूर्वस्वीकृति लिन नपर्ने भनिएको छ ।

जसरी केही व्यक्तिका लागि खुकुलो प्रावधान राखिएको छ त्यसकै पनि दुरुपयोग नहोला भन्न सकिन्न । यसर्थ, कसका लागि कार्यविधि बनाइएको हो र त्यो वैज्ञानिक छ कि छैन भनेर ध्यान दिनुपर्छ । नत्र कार्यविधिको कडाइले मात्र भिजिट भिसाको विकृति नरोक्न सक्छ । भिजिट भिसामार्फत वैदेशिक रोजगारीमा पठाउने गलत प्रवृत्ति रोक्नुपर्छ तर व्यावहारिक हुने प्रावधान मात्र कार्यान्वयन गरिनु आवश्यक छ ।

## मनन्योग्य

### चाणक्य नीति

यस्तै कुरा सोच्दासोच्दै चणकका आँखाबाट खुसीका दुई थोपा आँसु का शिरमा परे । उनकी पत्नी पनि आँखाभरि आँसु बनाएर चनकका मनका व्यथा बुझ्जस्तै गरी भन्न लागिन- 'स्वामी ! बालक धेरै यशस्वी हुनेछ । यसका कीर्ति युग-युगान्तरसम्म कायम रहनेछ ।'

समयको चक्र निरन्तर निर्बाध रूपले चलिरहेको छ । मगध, नरेश, महानन्द दिनरात रुप, रस, गन्ध र स्पर्शमा चुर्लुम्म छन् अर्थात् मोजमस्ती, युवतीका साथ क्रीडा आदि सम्पूर्ण रसमा डुबेका छन् । महलमा मीठा बोलीका नागिनीहरूले राज्यलाई डस्न र राज्य हडप गर्न आफ्ना फणाहरु फिँजाएर नाचिरहेछन् । उता युनानी आक्रान्त सिकन्दरको भारत वर्षमाथि आक्रमण गर्ने समाचार दिन परदिन सुनिन्छ । छिमेकी राज्य मालव, पारस, सिन्धु अनि पर्वतीय प्रदेशहरू पनि मगधलाई गिद्धे दृष्टिले हेरिरहन्छन् ।

